# शिवराज नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
चन्द्रौटा, कपिलवस्तु
लुम्बिनी प्रदेश, नेपाल

पत्र संख्या : ०८१/०८२
चलानी नम्बर :

मिति : २०८१।५।२०

## शिवराज नगरपालिकाभित्र संचालित विद्युतीय रिक्सा,अटो रिक्सा लगायतका तीन पाङग्रे सवारी साधन दर्ता सम्बन्धी सूचना !!!

प्रस्तुत विषयमा शिवराज नगरपालिकाको तीन पाङग्रे सवारी साधन संचालन व्यवस्थापन तथा नियमन सम्बन्धी कार्यविधि,२०८१नगरकार्यपालिकाबाट मिति २०८१/०४/०४मा स्वीकृत भएकोले शिवराज नगरपालिका भित्र संचालनमा रहेका विद्युतीय रिक्सा,अटो रिक्सा लगायत तीन पाङग्रे सवारी साधन दर्ता गर्न आजैका मितिले एक्काइस दिन भित्र तपशिल बमोजिमका कागजात सहित सम्बन्धित व्यक्तिले निवेदन दिनुहुन सूचित गरिन्छ।

**निवेदन साथ संलग्न गर्नुपर्ने कागजातहरु:-**

क. सवारी धनीको नाम थर, ठेगाना, नागरिकता नं. र प्राप्त जिल्ला, नागरिकताको छायाँ प्रति,

ख. सवारी खरिद गरेको मिति र खरिद गरेको बिल बिजक भए सोको छाँयाप्रति,

ग. सवारीको चेसिस नम्बर,

घ. सवारी चालक अनुमति पत्रको छाँयाप्रति/कम्पनी दर्ताको प्रमाण पत्रको प्रतिलिपि,

ङ. संघीय सरकार /प्रदेश सरकारको निकाय विभाग कार्यालयमा दर्ता भएको भए सवारी नम्बर र बिलबुकको छाँयाप्रति, दर्ता हुदाँ रुट इजाजत पत्र प्राप्त गरेको भए सोको विवरण र पुष्टि हुने कागजात,

च. उल्लिखित विवरण र कागजात सहित निवेदन पर्न आएमा नगर कार्यापालिका कार्यालयले छानविन गरी ३० दिन भित्र दर्ता अनुमति र रुट इजाजत पत्र र सवारी साधन नम्बर दिन सक्नेछ।

**सवारी धनी तथा सवारी चालकले यस कार्यविधिमा अन्यत्र उल्लेख भएकोमा सोही बमोजिम र उल्लेख नभएको हकमा देहायबमोजिम शर्तपालना गर्नुपर्नेछ।**

क.सवारी धनी र सवारी चालकको ठेगाना र सम्पर्क नंवर सहित पहिचान पहिचान खुल्ने विवरण सवारी साधनमा सबैले देख्ने गरी राख्नुपर्नेछ ।

ख.निषेध गरिएको क्षेत्रमा सवारी सञ्चालन गर्न पाइने छैन।

ग.दर्ता नभएका र नविकरण नभएका सवारी साधन सञ्चालन गर्न पाइने छैन।

घ.सवारी चालकले अनिवार्य रुपमा ड्रेसकोड र परिचयपत्र लगाउनु पर्नेछ ।

ङ.मादक पदार्थ वा लागु औषध सेवन गरी सवारी संचालन गर्न पाइने छैन।

च.यात्रुसँग मर्यादित व्यवहार गर्नुपर्नेछ ।

**नोट:**-यस कार्यविधि बमोजिम शिवराज नगरपालिकामा दर्ता नगरी विद्युतीय रिक्सा, अटो रिक्सा लगायतका तीन पाङग्रे सवारी साधन सञ्चालन गर्न पाइनेछैन।

२०८१।५।२०
बिपिन खनाल
अधिकृत छैठौं

फोन नं. ०७६-५४०११८,०७६-५४०१४७, फ्याक्स नं. ०७६-५४०११८
Email: info@shivarajmun.gov.np , shivrajmunicipality@gmail.com,
website: http://shivrajmun.gov.np